प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७

चलानी नं.:- १९८०

मितिः२०७६/१२/१२

विषयः **COVID-19** को जोखिम न्यून गर्न आवश्यक तयारी, जोखिम नियन्त्रण र समन्वय सम्बन्धमा ।

**श्री प्रमुख जिल्ला अधिकारी**

जिल्ला प्रशासन कार्यालय सबै, प्रदेश नं.-५

विश्वभर महामारीको रुप लिइरहेको COVID-19 को नियन्त्रण गरी आम नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन प्रदेश सरकारले पूर्व तयारी, प्रतिकार्यहरु, Isolation हस्पिटल निर्माण र संचालन, उच्चस्तरीय समितिको बैठकका निर्णयको कार्यान्वयन र अनुगमन लगायतका कार्यलाई तिव्र वनाइरहेको व्यहोरा त्यँहा जानकारी नै छ।

कोरोना भाइरस COVID-19 को पूर्व तयारी, नियन्त्रण र उपचारमा स्थानीय पालिका र वडाहरुको उल्लेख्य भूमिका रहने विषयलाई मध्यनजर गरी यस प्रदेश भित्रका १०९ पालिका र ९८३ वडा मध्य त्यस जिल्लामा रहेका पालिका र वडाका सन्दर्भमा गर्नु पर्ने कार्यका लागि कार्य जिम्मावारी यस कार्यालयको च.नं. १९५ मिति २०७६/१२/११ को पत्र मार्फत तहा र सम्बन्धित निकायमा पठाइ सकिएको व्यहोरा पुनः स्मरणार्थ अनुरोध गर्दै देहायका विषयमा समेत कार्यान्वयन, समन्वय र सहजीकरणका लागि अनुरोध छ।

## <u>तपसिलः</u>

## <u>पालिकास्तर बाट हुने कार्यमा समन्वय र सहजीकरणः</u>

१.पालिका भित्र सो पालिका बाहिरबाट भारत लगायत अन्य देशबाट आएका व्याक्तिको अभिलेख राख्ने र उनीहरुको विगत (Travell History) वारे बुझ्ने।

२. पालिका भित्रका व्याक्तिहरुलाई अत्यावस्यक काममा बाहेक बाहिर ननिस्किन अनुरोध गर्ने।

३.पालिका भित्रका संगठित संघसंस्था, क्लब, उपभोक्ता समूह, महिला समूह, सहकारी समेतको सहयोगमा क्वारेन्टाइन स्थलको पहिचाने र आवश्यकता अनुसार वस्ने व्यवस्था मिलाउने।

४. पालिकाको सबै श्रोत र शक्तिलाई COVID-19 को नियन्त्रणमा लगाई पालिका भित्र यो संक्रमणबाट हुने संभावित जोखिम हुन नदिन विशेष पहल गर्ने।

५. क्वारेन्टाइनमा राख्नु पर्दा शैक्षिक संस्था तथा भवनहरु, सभाहल, तालिम केन्द्र, क्लव लगायतका भवनलाई प्रयोगमा ल्याउने र आवश्यकता अनुसार स्थानीय प्रशासनको सहयोग लिने।

६.अत्यावस्यक वस्तु तथा सेवाको नियमित आपुर्तिको व्यवस्था मिलाउने ।

७.वडा कार्यालय र स्वास्थ्यकेन्द्रहरु बाट ज्वरो नाप्ने व्यवस्था मिलाउने ।

८. उप-महानगरपालिकाले कम्तिमा १०० बेड, नगरपालिकाले कम्तिमा ५० बेड र गाँउपालिकाले कम्तिमा २५ बेड क्षमताको क्वारेन्टाईन कक्षको व्यवस्था गर्ने ।

सचिव

infocmofficep5@gmail.com, Phone: 071-550610, facebook.com/ocmcm.p5

प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७

चलानी नं.:-

मिति:२०७६/१२/१२

९. अत्यावस्यक कामको लागि बाहेक आफ्नो पालिकाभित्र आउने सबै सवारी साधन र मानिसहरुलाई प्रवेश गर्न रोक लगाउने ।

## वडास्तर बाट हुने कार्यहरु :

१. स्थानीय वडाको क्षेत्रभित्र कोरोना भाईरस जोखिम न्युनिकरणका लागि वडा अध्यक्षको नेतृत्वमा वडा सदस्य, वडाको स्वास्थ्य संस्था प्रमुख, सबै शैक्षिक संस्थाका प्रमुखहरु, वडास्थित सुरक्षा निकायका प्रमुख र वडा सचिव सहितको जोखिम न्युनिकरण प्रतिकार्य समिति गठन र परिचालन गर्न अनुरोध गर्ने ।

२. कोरोना भाईरसका लक्षण, बच्ने उपायहरु तथा सरसफाई सम्बन्धी जनचेतना अभिबृद्दि गर्ने, **Self Quarantine** को बारेमा सर्वसाधरणलाई जानकारी गराउने र त्यसको अनिवार्य पालना गर्न लगाउने ।

३. अन्य स्थानबाट वडामा प्रवेश गरेका खासगरी भारत र अन्य देशबाट भर्खरै फर्केका व्यक्तिको अभिलेख राख्ने, उनीहरुको विगत (Travell History) वारे बुझ्ने, स्वास्थ्य जाँच (कम्तीमा ज्वोरो जाँच) गर्ने, २ हप्तासम्म **Self Quarantine** बस्न लगाउने, कोरोना सम्बन्धी मिल्दाजुल्दा लक्षणहरु भेटिएमा तुरुन्त आफ्नो स्थानीय तह र तोकिएको स्वास्थ्य संस्थामा जानकारी गराउने र थप जाँचका लागि पठाउने ।

४. कोरोना भाईरस सम्बन्धी ज्वरो नापेका विरामीको तथ्याङ्क संकलन र नियमित जानकारी गराउने, सार्वजनिक गतिविधि नियन्त्रण, प्रचार प्रसार र सचेतनाको काममा स्थानीय विधालयका शिक्षकहरु र कर्मचारीहरुलाई खटाउने ।

५. टोल सुधार संस्था, क्लव, सहकारी सदस्यहरु मार्फत सबै नागरिकहरुलाई घरै भित्र बस्न अनुरोध गर्ने । बजार अनुगमन र कालो बजारी नियन्त्रण सम्बन्धि सूचना सम्प्रेषण गर्ने, आ-आफ्नो टोलको लागि अत्यावस्यक वस्तुको अभाव हुन नदिन आवस्यक व्यवस्था मिलाउने ।

६. अत्यावस्यक कामको लागि बाहेक आफ्नो वडाभित्र आउने सवै सवारी साधन र मानिसहरुलाई प्रवेश गर्न रोक लगाउने ।

**सादर अवगतार्थ:**
माननीय मुख्यमन्त्रीज्यू

.................................
भरतमणि सुवेदी
प्रदेश सचिव

बोधार्थ:
श्री सबै उप-महानगरपालिका, नगरपालिका, गाँउपालिकाहरु प्रदेश नं.-५ ।

infocmofficep5@gmail.com, Phone: 071-550610, facebook.com/ocmcm.p5